# आकाशवाणी समाचार- नेपाली

मितिः १६ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

## प्रमुख समाचार

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इंडिया ए.आई. इम्पैक्ट समिट 2026 को उद्घाटन गर्नुहुनेछ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले मायापुर धाममा श्रील भक्ति सिद्धान्त सरस्वती ठाकुर प्रभुपादको १५२ औं जयन्ती समारोहमा भाग लिँदै आफू चैतन्य महाप्रभुको अनन्य भक्तका रूपमा यहाँ आएको बताउनु भएको छ।
- निर्वाचन आयोगले पश्चिम बंगालमा एसआईआरमा मतदाताको कागजात अनलाइनमार्फत अपलोड गर्न नसकेने अधिकारीहरुलाई कारण देखाउ नोटिस जारी गर्ने निर्णय गरेको छ।
- देशका धेरै भागहरूमा हिजो साँझ चन्द्रमा देखेसँगै रमजानको पवित्र महिना आजदेखि सुरु भएको छ।
- देशको आन्तरिक सुरक्षाको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने सिलगढ़ी 'चिकन नेक' कोरिडोरमा सुरक्षा एजेन्सीहरूले सतर्कता बढ़ाएका छन्।

**पीएम-एआई इम्पैक्ट समिट**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इंडिया ए.आई. इम्पैक्ट समिट 2026 को उद्घाटन गर्नुहुनेछ। उद्घाटन समारोहमा फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रों, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस र विश्वका धेरै शीर्ष व्यापारिक नेताहरूले पनि सम्बोधन गर्नेछन्। उद्घाटन समारोहपछि नेताहरूले इन्डिया एआई इम्प्याक्ट एक्स्पोको भ्रमण गर्नेछन्।

**मायापुर-अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालको मायापुर धाममा श्रील भक्ति सिद्धान्त सरस्वती ठाकुर प्रभुपादको १५२ औं जयन्ती समारोहमा भाग लिँदै आफू चैतन्य महाप्रभुको अनन्य भक्तका रूपमा यहाँ आएको बताउनु भएको छ। उहाले मायापुरको पवित्र भूमिमा आउँदा चेतना जागृत भएको र यो आफ्ना लागि निकै भावुक क्षण भएको बताउनु भयो ।सम्बोधनको सुरुवात गर्दै शाहले भन्नुभयो, 'यो दिन र स्थान दुवै पवित्र छ । एकातिर श्री चैतन्य महाप्रभुको पवित्र भूमि मायापुरमा भक्ति सिद्धान्त सरस्वती ठाकुर प्रभुपादको १५२ औँ जन्मजयन्ती रहेको छ, जुन मणिकंचन योग जस्तै शुभ संयोग हो । चैतन्य महाप्रभु, प्रभु नित्यानन्द, अद्वैताचार्य, गदाधर र श्रीवासलाई नमन गर्दै उहाले आफ्नो विचार व्यक्त गर्नुभयो । श्रील भक्ति सिद्धान्त सरस्वती ठाकुर प्रभुपाद र श्रील भक्ति वेदान्त प्रभुपादले चैतन्य महाप्रभुले सुरु गरेको भक्ति आन्दोलनलाई मात्र अगाडि बढाएनन्, यसलाई आधुनिकतासँग जोडेर विश्वभर आत्मकल्याणको मार्ग प्रशस्त गरे। शाहले विशेष रूपमा उल्लेख गर्दै भक्ति सिद्धान्त प्रभुपादले आफ्नो जीवनकालमा एक अर्ब पटक श्रीकृष्ण नाम जप गर्ने प्रतिज्ञा पूरा गर्नुभयो, जुन विश्वको लागि अनुकरणको लागि एक उदाहरण हो। मायापुरमा निर्माण भइरहेको आध्यात्मिक केन्द्रलाई विश्वको आशाको केन्द्र भन्दै शाहले युगौंयुगसम्म भक्तिमार्गको उज्यालो फैलाउँदै जाने विश्वास व्यक्त गर्नुभयो ।कार्यक्रममा इस्कोन नमहट्टाका अध्यक्ष पूज्य गौरांग प्रेम स्वामीजी महाराज, गौडीय वैष्णव संघका अध्यक्ष पूज्य भक्ति वेदान्त जनार्दन स्वामी जी महाराज, सारस्वत गौडीय वैष्णव संघका सचिव पूज्य वैदिक वैभव नारायण स्वामी महाराज लगायत थुप्रै सन्तहरुको उपस्थिति रहेको थियो। शाहसँगै केन्द्रीय मन्त्री भूपेन्द्र यादव, पश्चिम बंगाल विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारी र भाजपाका प्रदेश अध्यक्ष तथा राज्यसभा सदस्य शमिक भट्टाचार्य पनि सहभागी थिए।

**निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन संशोधन प्रक्रिया (एसआईआर) अन्तर्गत अधिक सख्यामा मतदाताको कागजात अनलाइनमार्फत अपलोड गर्न नसकेको भन्दै सम्बन्धित निर्वाचन रजिष्ट्रेशन अधिकृत (इआरओ) लाई र सहायक निर्वाचन दर्ता अधिकारी-एआरईओ लाई कारण देखाउ नोटिस जारी गर्ने निर्णय गरेको छ।

सुनुवाइ सकिएको चार दिन बितिसक्दा पनि करिब एक लाख पन्ध्र हजार कागजात अहिलेसम्म अपलोड हुन सकेका छैनन् । आयोगले सबै ईआरओ र एआरओलाई स्पष्ट निर्देशन दिएको थियो कि यदि कुनै आवेदन अस्वीकृत भयो भने यसको विशिष्ट कारण स्पष्ट रूपमा उल्लेख गरिनु पर्छ। तर, कैयौँ केसमा यो नियम उल्लंघन भएको आरोप लागेको छ । डिस्पोजल प्रक्रिया पनि ढिलो छ, र केही क्षेत्रहरूमा अचानक प्रणाली खराबी रिपोर्ट गरिएको छ।

यसैबीच, तृणमूल कांग्रेसले विशेष मतदाता सूची पर्यवेक्षक सी मुरुगनले व्हाट्सएपमार्फत अधिकारीहरूलाई निर्देशन जारी गरेर सर्वोच्च अदालतको आदेशको उल्लंघन गरेका आरोप लगाएको छ।आरोपहरूको जवाफमा, राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले श्री मुरुगनले कुनै स्वतन्त्र निर्देशन जारी नगरेको, बरु उनले आयोगको निर्देशनहरूको व्याख्या मात्र गरेका बताउनु भयो।

**(एसआईआर)**

पश्चिम बंगालमा एसआईआरको सुनवाई अवधि लगातार भएको अशान्तिका घटनाहरूलाई मध्यनजर गर्दै चुनाउ आयोगले अब राज्यमा मतदान प्रक्रियालाई लिएर अतिरिक्त सतर्कता अप्नाउने तयारीमा लागिपरेको छ। आयोगका अनुसार अन्तिम मतदाता सूची प्रकाशित भएपछि कानून व्यवस्थाको स्थिति अझ संवेदनशील हुनसक्ने आशाका गर्दै मतदान घोषणा हुनपूर्व केन्द्रिय बलहरूको तैनाथीमाथि गम्भीर रूपमा विचार गरिँदैछ। सूत्र अनुसार आयोगले हालैमा विशेष पर्यवेक्षकको रूपमा नियुक्त सेवानिवृत्त आईपीएस अधिकारी एन.के. मिश्रासित विस्तृत रिपोर्ट मागेको छ। यसैबीच आयोगले एसआईआर अन्तर्गत अन्तिम मतदाता सूची आगामी 28 फरवरीमा प्रकाशित गरिने जनाएको छ। तथापि सुनवाईसित सम्बन्धित फाइलहरूको जाँच जुन गतिमा भइरहेको छ, त्यसलाई हेर्दा राज्यका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले पनि तय तिथिमा अन्तिम सूची जारी हुनेमा शंका व्यक्त गर्नुभयो।

**‘परिवर्तन यात्रा’**

पश्चिम बंगालमा हुन लागेको विधानसभा चुनावअघि भाजपाले राज्यका सबै २९४ विधानसभा सिटमा परिवर्तन यात्रा निकाल्ने घोषणा गरेको छ । यो यात्राको समापनमा पार्टीले कोलकाताको ब्रिगेड मैदानमा प्रधानमन्त्री नरेन्द्र मोदीको ठूलो जनसभा गरेर चुनावी बिगुल फुकाउने तयारी गरिरहेको छ । पार्टी स्रोतका अनुसार परिवर्तन यात्रा मार्चको पहिलो हप्तामा सुरु हुनेछ । केन्द्रीय गृहमन्त्री अमित शाह, भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीन, रक्षामन्त्री राजनाथ सिंह, देवेन्द्र फडणवीस, शिवराज सिंह चौहान, नितिन गडकरी, स्मृति इरानीजस्ता वरिष्ठ नेताहरूले राज्य भ्रमण गर्नेछन् र यात्राको उद्घाटन गर्नेछन्। भाजपाले कुल नौ विभिन्न परिवर्तन यात्राहरू निकाल्नेछ, जसले राज्यका सबै २९४ विधानसभा निर्वाचन क्षेत्रहरूलाई समेट्नेछ।

**मुख्यमन्त्री ममता- "माटिर सृष्टि"**

पश्चिम बंगाल सरकारको कृषि पहल, "माटिर सृष्टि" ले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले आज सामाजिक सञ्जाल पोस्टमार्फत यो उपलब्धि साझा गर्नुभयो। मुख्यमन्त्रीले पश्चिम बंगालका पश्चिमी जिल्लाहरूमा बाँझो, अनुत्पादक र एक फसल योग्य भूमिलाई उर्वर र बहुफसल योग्य जमिनमा रूपान्तरण गर्न २०२० मा सुरु गरिएको "माटिर सृष्टि" कार्यक्रमको सफलताका कारण ‘फूड एंड कल्चर हेरिटेज’ (एफएओ) द्वारा अन्तर्राष्ट्रिय प्रमाणीकरण प्रदान गरिएको बताउनु भएको छ।

**प्रधानमंत्री-रमजान**

देशका धेरै भागहरूमा हिजो साँझ चन्द्रमा देखेसँगै रमजानको पवित्र महिना आजदेखि सुरु भएको छ। आज रमजानको पवित्र महिनाको पहिलो दिन हो । रमजान इस्लामिक क्यालेन्डरको नवौं महिना हो र इद उल फित्र यसै महिनाको अन्त्यमा मनाइन्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले रमजानको पवित्र महिना सुरु भएकोमा देशवासीलाई शुभकामना व्यक गर्नुभयो । सोशल मीडियाको एक पोस्टमा श्री मोदीले 'रमजान मुबारक' भन्दै यो शुभ महिनाले समाजमा एकताको भावनालाई अझ बलियो बनाउने आशा वक्त गर्नुभयो। उहाले सबैतिर शान्ति र समृद्धि होस् भन्ने कामनासमेत गर्नुभयो ।

**कोयला तस्करी**

प्रवर्तन निर्देशनालय (ईडी) ले झारखण्ड-पश्चिम बंगाल कोइला तस्करी मामिलामा पक्राउ परेका चिन्माया मण्डललाई पाँच दिनको लागि पुनः हिरासतमा राख्न माग गरेको छ। साथै आफ्ना भतिजा किरण खानलाई न्यायिक हिरासतमा पठाउन पनि अनुरोध गरिएको छ। स्रोतका अनुसार हालैको छापामारीका क्रममा किरणले आफ्नो मोबाइल फोन बिगारेको थियो। तर, फोनलाई फरेन्सिक परीक्षणका लागि पठाइएको छ र एजेन्सीहरु यसको रिपोर्टको प्रतीक्षामा छन्। अनुसन्धानमा फेला परेको तथ्यका आधारमा पुनः हिरासतको माग गर्न सकिन्छ। यो मामलामा दुर्गापुर र आसनसोलमा ४७ वटा एफआईआर दर्ता भएका थिए भने पछि थप सात वटा मुद्दा थपिएका थिए। ईडीले झारखण्ड र पश्चिम बंगालमा कोइला तस्करीको एक इन्टरकनेक्टेड सिन्डिकेट सक्रिय रहेको आरोप लगाएको छ, जसले वैध कागजातहरू बिना कोइला ओसारपसार गरेको थियो। एजेन्सीले सिन्मय र किरण कथित नेटवर्कका प्रमुख सदस्यहरू भएको दाबी गरेको छ। अब एजेन्सीहरूले कथित सम्पत्ति कहाँ र कसरी लगानी गरियो भनेर अनुसन्धान गरिरहेका छन्। मुद्दाको अर्को सुनुवाई फेब्रुअरी २४ मा हुनेछ।

**'चिकन नेक'**

देशको आन्तरिक सुरक्षाको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने सिलगढ़ी 'चिकन नेक' कोरिडोरमा सुरक्षा एजेन्सीहरूले सतर्कता बढ़ाएका छन्। पूर्वोत्तर भारतलाई देशका रहल भागहरूसित जोड़्ने यस संवेदनशील क्षेत्रमा बुधवार बिहान व्यापक खोजी अभियान संचालन गरियो। शहरको प्रमुख सम्पर्क स्थल महानन्दा ब्रिज तथा यस वरपरका क्षेत्रहरूमा सीमा सुरक्षा बल (बीएसएफ)-का जवानहरूले गहन जाँच गरे। यस अवधि वाहनहरूलाई रोकेर दस्तावेजहरूको जाँच गरिनको साथै संदिग्ध गतिविधिमाथि कड़ा नजर राखियो।

**तिलक थापा 'झटारे' को निधन**

खरसाङको एक साहित्यिक व्यक्तित्व तिलक थापा 'झटारे' को निधन भएको छ। उनको निधन हिजो राति 10.30 बजीतिर 73 वर्षको उमेरमा भएको छ। उहाँ खरसाङको सिंगेल चियाबारी क्षेत्रमा जन्मेर रेलवे विभागमा कार्य गर्दै लामो समयसम्म खरसाङको गिध्द पहाडमा बस्नु भएको थियो भने हालमा मतिगढामा बस्दै आउनु भएको थियो। उहाँ 2021 देखि हृदयघातको कारणले प्यारालाइज भएर बिमारी अवस्थामा रहेका थिए। उहाँले आफुपछि पत्नी, एक छोरा र एक छोरी साथै आफन्तजन छोडी गएका छन्।

**तीनधारे**

नेपाली संगीतको वरिष्ठ गायक फौदा सिंहको उपचारको लागि गौरव मञ्च तीनधारेको आयोजनामा 'सहयोग साँझ आयोजना गरिने भएको छ। तीनधारेको महात्मा गान्धी हलमा आगामी 21 फरवरीमा आयोजना गरिने गौरव मञ्च तीनधारेको पहलमा नेपाल, कालेबुङ, सिलगढी, डुवर्स, दार्जिलिङ, खरसाङ, बिजनबारी, तीनधारे क्षेत्रका गायक कलाकारहरु उपस्थित भएर आफ्नो प्रस्तुति दिने भएका छन्।

****** ० ******